# गुर्भाकोट नगरपालिकाको

## नीति तथा कार्यक्रम

## २०७६

*"समृद्ध नगर, खुसी नगरबासी"*

**गुर्भाकोट नगरपालिका**

शुभाघाट, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

# गुर्भाकोट नगरपालिका
## नीति तथा कार्यक्रम
## २०७६

**प्रकाशक :** **गुर्भाकोट नगरपालिका**
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
सम्पर्क नं.: ०८३-४१००७२, ९८५८०६५१११
इमेल : sktgurbhakotmun@gmail.com
वेभसाइट : www.gurbhakotmun.gov.np

**सर्वाधिकार :** प्रकाशकमा सुरक्षित

**प्रकाशन मिति :** २०७६/०४/१०

**मुद्रण :** **लुना क्रियशन प्रा.लि**
बागबजार, काठमाडौँ, सम्पर्क : ९८४३२६०६१८
इमेल : luna.creationgr@gmail.com

नगर उपप्रमुखज्यू, नगरसभाका सदस्यज्युहरू, नगरसभाका सचिवज्यू, विभिन्न संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिज्यू, बुद्धिजीवि, संचारकर्मी, कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरू।

- यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। स्थानीय सरकार नेपाली जनताको त्याग, बलिदान र लामो संर्घषको उपलब्धी हो। यस महत्वपूर्ण अवसरमा मुलूकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउन तथा जनताको सार्वभौम शक्ति तथा समावेशी एवं समृद्ध राष्ट्र निर्माण अभियानमा गुर्भाकोट नगरपालिकाका न्यायप्रेमी जनताको विशिष्ट योगदान रहेको स्मरण गर्दै उत्साह र उमंगका साथ निर्वाचन प्रक्रियामा संलग्न हुनुहुने सम्पूर्ण गुर्भाकोट नगरबासी आमा, बुवा, दाजुभाइ तथा दिदीबहीनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। लोकतन्त्र प्राप्तिको संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै बेपत्ता, घाइते, अपाङ्ग र राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र एवं जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान प्रकट गर्दछु।

- गुर्भाकोट नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, बहुलबादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिवद्ध छ। लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रूपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ। शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकुन भन्नेमा हामी अत्यन्त सचेत छौं।

- यस नगरपालिकाको आदर्श वाक्य “समृद्ध नगरः खुसी नगरबासी” र नारा “कृषि, वन, पर्यटन र गुणस्तरीय स्वास्थ्य, शिक्षाः सुखी, सुन्दर, पूर्वाधारमैत्री, समृद्ध गुर्भाकोट हाम्रो इच्छा” रहेको छ। नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि

बढ्न यस नगरपालिका दृढ छ। हामीहरू योजनावद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरू हुनुपर्छ भन्नेमा प्रतिवद्ध छौँ। “मालिक होइनः सेवक हौ” भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रूपमा ग्रहण गरेका छौँ।

- अब म चालु आ.व. २०७५/०७६ मा सम्पादन भएका महत्वपूर्ण क्रियाकलापहरूलाई संक्षिप्तमा बुँदागत रूपमा पेश गर्ने अनुमति चहान्छु।

- नगरपालिकाबाट आ.व. २०७५/०७६ का लागि कूल ५० करोड १८ लाख ६३ हजार रूपैयाँ बजेट सार्वजनिक गरिएकोमा आर्थिक वर्षको अन्तसम्म ९८५ कार्यान्वयन हुने देखिएको छ। साथै सडकमा नयाँ ट्र्याक ४५.५५ कि.मि., सडक ग्राबेल २०.३ कि.मी., खानेपानी ६३.९ कि.मी., सिँचाई ५.१ कि.मी., भवन ६ वटा, मठमन्दिर २ वटा, ४ वटा तालपोखरी योजनाहरू सम्पन्न भएका छन।

- नगरका सबै सडकहरूलाई व्यवस्थित र उच्च स्तरको ग्रावेल गराउने योजना अनुसार धेरै जसो योजनाहरू सम्पन्न भई गौरवका योजनाहरू निर्माणको क्रममा रहेका छन।

- अधिकांश नगरबासीको साना-साना टुक्रे योजना मार्फत सफा खानेपानीमा पहुँच विस्तार गरिएको छ। मोतिपुर खानेपानी योजनामा थप रकम विनियोजन सहित कार्यसम्पन्न हुने संघारमा रहेको छ भने साना शहरी खानेपानी आयोजना मार्फत “एक घर एक धारा” अभियान वडा नं. ६, ७, ८ र ९ मा संचालन प्रक्रियामा रहेको छ। साथै वडा नं. २ र ४ मा सुख्खा क्षेत्र खानेपानी आयोजना DPR को क्रममा रहेको छ।

- विद्युत लाइन विस्तार अन्तर्गत वडा नं. ६, ११ र १२ मा ठेक्का प्रक्रिया अनुसार काम शुरु भइसको छ।

- पर्यटकीय क्षेत्रका रूपमा रहेको खैरेनी पार्क उद्यान निर्माणका लागि विस्तृत योजना प्रतिवेदन (DPR) तयार भई कार्य सुचारु भइरहेको

छ। साथै खटाङ्ग पर्यटकीय क्षेत्र विकासका लागि DPR भइ ठेक्का प्रक्रियामा रहेको र लेख मालारानी गुफा संरक्षण, सम्वर्द्धन र विकासका लागि जग्गा अधिग्रहणको क्रममा रहेको छ।

- कृषि उत्पादकत्व वृद्धिका लागि सिंचाईको अपरिहार्यतालाई हृदयंगम् गरी सिंचाइ योजना अन्तर्गत विनियोजित बजेट १ करोड ४७ लाख २० हजार रूपैयाँ बराबरको काम सम्पन्न भएको छ।

- स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ बमोजिम वडा कार्यालयहरूबाट सम्पादन हुने कामहरू तत्तत् वडा कार्यालयहरूबाट नै सम्पादन हुने व्यवस्था मिलाइएको छ। यस अनुसार १४ वटा वडा कार्यालयहरू स्थापना भइ सबै वडा कार्यालयहरूमा नेटवर्क जडान भइसकेको छ। एकिकृत सम्पत्ति कर र व्यक्तिगत घटना दर्तालाई विद्युतीय माध्यमबाट संचालन गरिएको छ।साथै आफ्नै वडा कार्यालय नभएका वडा नं. १, ५, ६, ७, ९, ११, १३ र १४ मध्ये वडा नं. ५, ७, ९ र १३ को आफ्नै कार्यालय भवन निर्माण भइसकेको छ।

- न्यायिक समितिको कार्यलाइ थप प्रभावकारी बनाउन प्रत्येक वडामा सामुदायिक मेलमिलाप इकाई स्थापना गरी कार्य संचालन गरिएको छ। हाल नगरपालिका न्यायिक समिति सचिवालयमा ७४ वटा उजुरी दर्ता भएकोमा ५३ वटा विवाद मेलमिलाप मार्फत निरूपन गरिएको र वडा मेलमिलाप इकाईमा १६५ वटा उजुरी दर्ता भएकोमा १२४ वटा मिलापत्र भई बाँकी प्रक्रियामा रहेका छन्।

- जेष्ठ नागरिक सम्मान र व्यवस्थापन कार्यक्रम अन्तर्गत वडा नं. १३ मा जेष्ठनागरिक आवास गृह निर्माणाधिन क्रममा रहेको छ।

- सिपमुलक कार्यक्रम अन्तर्गत आधारभूत तालिम कार्यक्रम संचालन भई आयआर्जनमा सहज भएको देखिन्छ। लैङ्गीक समानता र समावेशीकरणका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गरीएको छ।

- वातावरण तथा विपद् व्यवस्थापन कार्यक्रम अन्तर्गत विपद् प्रकोप

राहत कोष स्थापना भई विपद् पिडितहरूलाई राहत प्रदान गरिएको छ। साथै वर्षायाममा हुने जोखिम न्यूनिकरणका लागि तारजाली खरिद भई वितरण भइरहेको छ।

- नगरको शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउने गरी आवश्यक नीतिगत व्यवस्था गरी विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको छ। विद्यालय समायोजन र दरबन्दी मिलान कार्य सम्पन्न भइसकेको छ। नगरपालिकाको शैक्षिक अवस्थाको तथ्याङ्कगत अवस्था झल्किने गरी शैक्षिक दर्पण २०७५ र शैक्षिक क्यालेण्डर २०७६ प्रकाशन भएको छ। साथै विद्यालयको भौतिक विकासको लागि नयाँ विद्यालय भवन निर्माण एवं दक्ष र गुणस्तरीय शिक्षकका लागि अस्थायी कार्यरत शिक्षकहरूलाई मध्यनजर गर्दै शिक्षक सेवा आयोग तयारी कक्षा संचालन गरिएको छ।

- "स्वास्थ्यका लागि खेलः राष्ट्रका लागि खेल" भन्ने मूलमन्त्रलाई आत्मसात गर्दै स्वस्थ, तन्दुरुस्त र शारीरिक सुगठित नागरिक निर्माणका लागि विद्यालय स्तरीय प्रथम मेयरकप, नगर स्तरीय गुर्भाकोट नगर कप र नव वर्ष कपलगायतका खेलकुदका कार्यक्रमहरू संचालन गरिएको छ।

- परम्परागत तथा ऐतिहासिक कला, संस्कृति, रितिरिवाज जगेर्नाका लागि स्थानीय मेला तथा महोत्सवलाई प्रोत्साहन तथा प्रवर्द्धनका कार्यक्रमहरू संचालन गरिएको छ।

- शिक्षा, स्वास्थ्य, कृषि, पशु, महिला विकास, सहकारी लगायतका विषयगत शाखा स्थापना भई विषयगत रूपमा कार्य सम्पादन भइरहेका छन्। सहकारी दर्ता र नियमन नगरपालिकाबाट शुरु गरिएको छ। नगरपालिकामा सुशासन कायम गर्न सि.सि. क्यामेरा, विद्युतीय हाजिरी, ग्रुप एस.एम.एस., अडियो नोटिस बोर्ड र इन्ट्रानेट्वर्क सेवा जडान गरी सुचारु गरिएको छ।

- नगरपालिकाले आफ्नै स्रोतबाट निर्माण गर्न नसक्ने ठुला आयोजना निर्माणका लागि संघीय र प्रदेश सरकारलाई अनुरोध गरिएको छ।

- हालसम्म ऐन ९ वटा, कार्यविधि १९ वटा र नियामावली ३ वटा लगायतका स्थानीय कानुन निर्माण भई स्थानीय कानुन संग्रह प्रकाशन भई कार्यान्वयनका रहेको छ। साथै थप अति आवश्यक कानुनहरू निर्माणको क्रममा रहेका छन्।
- यस नगरपालिका अन्तर्गत ६ ओटा स्वास्थ्य चौकी र एक अस्पताल मात्र रहेकोमा भौगोलिक विकटता र जनताको आधाभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न अन्य वडा तथा १२ शहरी स्वास्थ्य स्थापना गरी संचालनमा ल्याईएको छ। जनताको माग र आवश्यकताको आधारमा आँखा तथा स्वास्थ्य शिविर संचालन गरिएको छ। मेहेलकुना अस्पतालमा अत्याधुनिक डिजिटल एक्सरे मेसिन जडान गरिसकिएको छ।
- सरसफाई तथा फोहोरमैला व्यवस्थापनका लागि बजार क्षेत्रका सडकहरूमा कन्टेनर राखी दैनिक फोहोर उठाउने व्यवस्था गरिएको छ। ल्याण्ड फिल्ड साइड निर्माणका लागि IEE प्रतिवेदन तयार भई DPR निर्माणको चरणमा रहेको छ।
- कृषि तथा पशुपालनमा नगरबासीलाई आत्मनिर्भर बनाउन सम्भाव्यताका आधारमा पकेट क्षेत्र निर्धारण गरी विभिन्न कार्यक्रम कार्यन्वयन गरिएको छ। साथै व्यवसायिक फलफूल तथा मसलाजन्य खेतीका लागि वडाबाट माग भएबमोजिम बिरुवा खरिद गरी वितरण गरिसकिएको छ।

***सभाका सदस्य ज्यूहरू,***

अब म आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चहान्छु।

१. नेपाल सरकारले अगाडी सारेको "समृद्ध नेपाल, सुखी नेपाली" राष्ट्रिय अभियानलाई आत्मसात गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणसहित जनसहभागिता मूलक विकास र सुशासन सहितको "समृद्ध गुर्भाकोट नगर निर्माणका लागि शान्ति, समृद्धि र समतामूलक समाज" निर्माणको आधार तयार गरिनेछ।

२. वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्ने तर्फ केन्द्रित भएर यस सरकारले आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमहरू तयार गरेको छ। यो आर्थिक वर्ष समृद्धिको इतिहास रच्ने आधार वर्ष हुनेछ।

३. विकास नीति, रणनीति, कार्यनीति, कानुन, संस्था, जनशक्ति र स्रोतसाधन, सहभागिता, सेवाप्रवाह, नतिजा र अनुगमन तथा मूल्याङ्कनका क्षेत्रमा आमूल परिवर्तन गरिनेछ।

४. समुन्नत समाज निर्माणको आधारशीला शिक्षा, स्वास्थ्य र रोजगार भएको महशुस गर्दै यस क्षेत्रमा उच्च प्राथमिकताका साथ कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गरिनेछ।

५. नगरपालिकाभित्र दूरी, विद्यार्थी संख्या र भौगोलिक अवस्थाको आधारमा दरबन्दी मिलान तथा विद्यालय समायोजन गरी लागत साझेदारीको आधारमा कम्तिमा कक्षा ५ सम्मका बालबालिकालाई स्थानीय पौष्टिक खाजाको व्यवस्था गरिनेछ। साथै Huge School Strategy निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

६. निरक्षर जनसंख्या जुनसुकै गाउँ, ठाउँ, प्रदेश, राज्य र राष्ट्रकै बोझ हुने भएकोले यस नगरपालिकाको साक्षरता दरमा बढोतरी ल्याउँदै नगरपालिकालाई पूर्ण साक्षर बनाउनका लागि नगरपालिका भित्र संचालन भएका माध्यामिक तह कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीहरूलाई स्वास्थ्य, जनसंख्या तथा वातावरण र सामाजिक विषयको प्रयोगात्मक परीक्षाको रूपमा आ-आफ्नो समुदायमा रहेका निरक्षर र नवसाक्षरहरूलाई साक्षर बनाउन प्रत्येक विद्यार्थी अनुसार Each One Teach One कार्यक्रम संचालन गरिने छ। साथै विपन्न, गरिब तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति कोष स्थापना गरिनेछ।

७. शिक्षा नगर विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भिरताका साथ अबलम्वन गर्दै "सामुदायिक विद्यालयहरूको शैक्षिक र भौतिक सुधारः बालबालिका विद्यालय प्रवेशको पहिलो आधार" भन्ने मूल नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारका लागि स्पष्ट दृष्टिकोण,

प्रतिवद्धता र लगनशीलताका साथ अगाडी बढिनेछ। हचुवाका भरमा हैन, स्थापित मान्यताको जगमा टेकेर प्रष्ट दृष्टिकोणका साथ आगामी आर्थिक वर्षमा शैक्षिक विकासका कार्यक्रमहरू संचालन गरिनेछ।

८. शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक रूपान्तरणको सम्वाहकका रूपमा विकास गर्नका लागि सबै तह एवं विधाको समतामूलक पहुँचको सुनिश्चता, गुणस्तरमा सुधार, अब्बल व्यवस्थापकीय क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बिचको भिन्नताको अन्त्य, असल अभ्यासहरूको आदान प्रदान, शिक्षा क्षेत्रका आशा लाग्दा अभ्यास र प्रयास गरे परिवर्तन सम्भव छ भन्ने मान्यता स्थापितका लागि शैक्षिक प्रणालीलाई जिम्मेवारी, जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउँदै नगरपालिकालाई शैक्षिक क्षेत्रको हवको रूपमा विकास गरिनेछ। सामुदायिक र संस्थागत विद्यायलयबिचको दूरी घटाई सामुदायिक विद्यालयप्रति आकर्षण बढाउने रणनीति अवलम्बन गरी प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिइनेछ।

९. लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्रीलगायत समावेशी सिकाई प्रणालीमा जोड दिँदै दरबन्दी मिलान, विद्यालय समायोजन, अनुगमन तथा मूल्याङ्कन, दिवा खाजा, विद्यालय सुधार योजना, शिक्षक कर्मचारीको क्षमता अभिवृद्धि लगायतका थप प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गरिनेछ। साथै आवश्कतामा आधारित स्थानीय पाठ्यक्रमको निर्माण गरी लागू गरिनेछ।

१०. "स्वस्थ नगरबासी : स्वस्थ नगर" भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कार्यमा नगर सरकार क्रियाशील रहनेछ। गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा रहेका विद्यमान चूनौतीहरूलाई न्यूनिकरण गर्न सेवा प्रदायक संस्थाहरूको व्यवस्थापकीय प्रणाली सुदृढ गराउन नेपाल सरकारबाट सर्शत अनुदानको अझै प्रभावकारी ढंगले कार्यान्यवन गर्न महिला तथा प्रजनन् स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि, निजी तथा सरकारी स्वास्थ्य संस्थाहरूको नियमन, बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, औषधि तथा उपकरण आपूर्ति, स्वास्थ्य बिमा कार्यक्रम, आमा सुरक्षा,

राष्ट्रिय खोप तथा विशेष खोप, भिटामिन तथा जुकाको औषधि वितरण लगायतका कार्यक्रमहरू प्रभावकारी रुपमा प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

११. मातृ मृत्युदर, नवजात शिशु मृत्युदर, ५ वर्ष मुनिका बच्चाहरूको मृत्युदर, औषत आयु जस्ता स्वास्थ्य सेवा विकासका महत्वपूर्ण सूचकांकहरूमा आधारित प्रगतिका लक्ष्यहरू किटान गरी वार्षिक स्वास्थ्य कार्यक्रमहरूको कार्ययोजना तयार गरी लागू गरिनेछ। साथै स्वास्थ्य संस्थाहरूबाट हुने प्रतिवेदन व्यवस्थालई वैज्ञानिक, समयानुकूल, विश्वसनीय, नियमित र प्रविधियुक्त बनाइने छ।

१२. स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरी उनीहरूको घरलाई स्वास्थ्य जनचेतना स्थलको रूपमा विकास गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१३. यौन तथा प्रजनन् स्वास्थ्य, युवा तथा किशोर-किशोरी स्वास्थ्य एवं विद्यालय स्वास्थ्य कार्यक्रमहरूलाई एकिकृत गरी विस्तृत कार्यवधिसहितको कार्ययोजना तयारी गरी प्रभावकारी रूपमा संचालन गरिनेछ।

१४. कृषि र पशुपालनमा व्यवसायिकरण र बजारीकरण प्रवर्द्धनको संभाव्यता अध्ययनका आधारमा पकेट क्षेत्र घोषणा गरी स्थानीय कृषक तथा कृषक समूहसँगको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।

१५. प्रमुख कृषि उपज, पशुजन्य तथा मत्स्य उत्पादनमा आत्म निर्भर हुने र उच्च मूल्यका कृषि उपजहरूको निर्यात वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। कृषि उत्पादनको बहुउपयोग हुने गरी उत्पादन विविधिकरण र मुल्य श्रृत्तला विस्तार गरिनेछ। अर्गानिक नगर बनाउन कृषि उपजहरूको अर्गानिक उत्पादन गर्ने अभियान तत्काल शुरु गरिनेछ। माटोको उर्बरा शक्ति कायम राख्न भर्मी कम्पोष्ट मल, भकारो सुधार कार्यक्रम संचालन गरी कृषि यान्त्रिकरणमा विशेष जोड दिइनेछ।

१६. नगरपालिका भित्र कृषि योग्य जमिन पहिचान र संरक्षण गर्दै कृषि उत्पादन क्षेत्रको विविधिकरण तथा विशिष्टकरण मार्फत नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने नीति तय गरिनेछ। "एक घरः एक करेसाबारी" को नाराका साथ अर्गानिक तरकारी उत्पादनलाई नगरभित्र विशेष अभियानका साथ संचालन गरी तरकारीमा आत्मनिर्भर नगरपालिका घोषणा गरिनेछ। कम्तीमा १५ जना कृषक तथा कृषक समुहलाई कृषि ऋण उपलब्ध गराई व्यवसायिक बन्न सहयोग गरेमा नगरपालिका क्षेत्रमा संचालित बैंक तथा वित्तिय संस्थाहरूलाई "हाम्रो बैंक" नामक टोकन प्रदान गर्ने नीति लिइनेछ।

१७. "व्यवसायिक रूपमा काम गर्ने किसानहरूलाई नगरपालिकाको सम्मानः सबै किसानलाई उत्पादनमा आधारित अनुदान" भन्ने नाराका साथ स्थानीय तथा अर्गानिक कृषि उत्पादनको बजारीकरणमार्फत कृषकहरूको आयआर्जनमा वृद्धि गर्न मासिक रूपमा मूख्य बजार क्षेत्रमा "कृषि तथा पशु हाट बजार मेला" संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

१८. निजीक्षेत्र, गैरसरकारी क्षेत्र र विकास साझेदारहरूसँगको सहकार्यबाट सहकारी प्रवर्द्धन, समूह सहकारीकरण, सहकारी सचेतना, सहकारीमा रहेको पुँजी परिचालन, सहकारीमार्फत लगानी अभिवृद्धि, वित्तिय साक्षरता, सहकारी खेती प्रणाली लगायतका कार्यक्रमहरू संचालन गरिनेछ। साथै सहकारी संस्थाहरूको सुदृढीकरण, विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षण व्यवस्था मिलाइनेछ।

१९. सविधानका निर्देशक सिद्धान्त बमोजिम सरकारी, सहकारी र निजी क्षेत्रलाई तीन खम्बे नीतिका रूपमा अबलम्न गरिनेछ। साथै नागरिक समाज, गैरसरकारी क्षेत्र समेतको सहभागिता र समन्वयमा आर्थिक विकासको दिगो लक्ष्य हासिल गर्ने गरी नीतिगत व्यवस्था गरिनेछ।

२०. कृषि, उर्जा, उद्योग, यातायात, भौतिक पूर्वाधार, सूचना प्रविधि, पर्यटन र शहरी विकासलाई आर्थिक वृद्धिको संवाहकको रूपमा पहिचान गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रमुख लगानी यस क्षेत्रमा केन्द्रित गरिनेछ।

२१. आधुनिक प्रविधिको प्रयोग गरी साना तथा मझौला सिँचाई आयोजनाको निर्माण तथा कार्यान्वयनबाट कृषि योग्य जमिनमा सिँचाई सुविधा विस्तार गरिनेछ।

२२. गुणस्तरीय खाद्य पदार्थको सुनिश्चितताका लागि बजार अनुगमनलाई कानुन बमोजिम नियमित र व्यवस्थित गरिनेछ। साथै नगरपालिकाभित्र संचालित औषधि फर्म तथा मेडिकलहरूको नियमन र अनुगमन तथा निरिक्षण गरी कानुनको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ।

२३. भूमिको उत्पादकत्व वृद्धि गर्न भू-उपयोग नीति र कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ। प्राकृतिक स्वरूप र संभावनाका आधारमा समग्र भूमिको उपयोग गरिनेछ। कृषि योग्य भूमिको खण्डीकरण र अतिक्रमण रोकिनेछ। करार, सहकारी र सामूहिक खेतीलाई प्रोत्साहन गरिनेछ।

२४. २०२९ साल पछाडी नाप नक्सा भई भोकचलनमा आएका तर पूर्जा प्राप्त भई नसकेका र ऐलानी, प्रति तथा सरकारी जग्गाको अभिलेखीकरण गरी संरक्षण, सम्वर्द्धन एवं व्यवस्थापनका लागि संघीय र प्रदेश कानुनको आधारमा कानुन निर्माण गरिनेछ।

२५. गरिब, विपन्न, सापेक्षिक रूपमापछि परेका भू-भागका समुदाय र परिवारलाई योजना तथा विकास कार्यक्रममा प्राथमिकता दिँदै संघ तथा प्रदेश सरकारको समन्वय, सहकार्य र साझेदारीमा “एक घरः एक रोजगार” कार्यक्रम संचालन गरी वर्षमा १०० दिनको रोजगारी दिने नीति लिइनेछ।

२६. समावेशी सिद्धान्तका आधारमा गरिब, दलित, महिला, आदिबासी जनजाती लगायत लोपोन्मुख तथा सिमान्तकृत समुदायको उत्थान, विकास र मूलप्रवाहीकरणका लागि प्राथमिकताका साथ योजनावद्ध रूपमा कार्यक्रमहरू संचालन गरी नगरपालिकालाई मापदण्ड तयार गरी “लैङ्गिक विभेद तथा जातीय छुवाछुतमुक्त नगर”का रूपमा घोषणा गरिने छ।

२७. भविष्यको आधारका रूपमा बालबालिकामा लगानी, समृद्धि र विकासका लागि युवालाई रोजगार र अनुभव बैंकका रूपमा

जेष्ठ नागरिकलाई सम्मान गरिनेछ। साथै संघ, प्रदेश तथा अन्य संघ-संस्थाहरूको सहयोग र साझेदारीमा बाल उद्यान निर्माण, जेष्ठ नागरिक स्वास्थ्य शिविर, मानसिक स्वास्थ्य शिविर, जेष्ठ नागरिक सम्मान, महिला सेभ हाउस निर्माण, अशक्त अपाङ्ग र विशेष क्षमता भएका व्यक्तिहरूका लागि विशेष प्राथमिकतामा राखी क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ।

२८. "पानी, खानी कृषि र वनः हाम्रा युवा हाम्रा धन" भन्ने कर्णाली प्रदेशको मूलमन्त्रलाई आत्मसाथ गर्दै यस नगरपालिकाको स्रोत साधनको पहिचान तथा परिचालन गरी प्रदेश सरकारको समन्वय र सहकार्यमा युवा लक्षित व्यसायिक कार्यक्रमहरू संचालन गरिनेछ।

२९. गुर्भाकोट नगरको समग्र विकासका लागि शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिँदै भौतिक पुर्वाधारमा केन्द्रित भई पर्यटन, कृषि, जडिबुडी उत्पादनका साथसाथै साना तथा मझौला उद्योगहरूको स्थापना र विकास मार्फत नयाँ आर्थिक तरङ्ग पैदा गरी गरिबीको अन्त्य गरिनेछ।

३०. संविधान तथा स्थानीय सरकार संचालन ऐनले दिएको अधिकारको अधिनमा रही सबै प्रकारका उद्योगहरूको व्यवस्थापनका लागि एकिकृत नीति तर्जुमा गरी व्यवस्थित गरिनेछ। न्यूनतम् १० जना नगरबासीलाई रोजगारी दिने उत्पादनमूलक उद्योगहरू चालु वर्षमा शुरु भएमा आगामी ३ बर्षमा लाग्ने व्यवसाय करमा २०५ छुट दिइनेछ। साथै महिला उद्यमीहरूलाई विशेष ग्राहयता सहित ३०५ सम्म छुट दिइनेछ।

३१. नेपाल सरकार, शहरी विकास मन्त्रालयले घोषणा गरेको नमुना शहरको रूपमा "भेरीगंगा उपत्यका नमुनाको आधुनिक शहरद" कार्यक्रमलाई यसै आ.व. देखि कार्य थालनीका लागि पहलकदमी गरिने छ।

३२. नगरमा आवश्यक जनशक्ति नेपाल सरकार, प्रदेश सरकारसँग आपूर्तिका लागि अनुरोध गरिनेछ। सो नभएको अवस्थामा स्वीकृत दरबन्दीमा सेवा करारको विधि अन्तर्गत जनशक्तिको आपूर्ति गरिनेछ।

*सभाका सदस्य ज्यूहरू,*

३३. सुशासन तथा असल प्रशासन, गतिशील नेतृत्व र सुधारिएको कानुनी व्यवस्थाद्वारा नगरका जनतालाई शीघ्र सेवा प्रदान गरिने छ। राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक कार्यक्रम मार्फत दिगो विकास लक्ष्य हाँसिल गर्न शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार, रोजगारी, विद्युतिकरण र सूचना प्रविधिको अस्टतत्वबाट नगरको आधुनिकिकरणका लागि लगानी बढाइनेछ।

३४. नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षणसँगसँगै कार्य सम्पादनका स्पष्ट सूचक निर्माण गरी आगामी तिन वर्षमा "Center for excellence" को रूपमा विकास गरिनेछ। नगरपालिकाका कर्मचारीहरूलाई सक्षम र दक्ष बनाउन तथा कार्य सम्पादनमा बढोतरिका लागि क्षमता अभिवृद्धि र विविध प्रोत्सहानका कार्यक्रमहरू संचालन गरिनेछ। सदाचार प्रवर्द्धन गर्न र भ्रष्टाचार जन्य क्रियाकलापको अन्त्य गर्न भ्रष्टाचारजन्य क्रियाकलापहरूमा शुन्य सहनशीलताको नीति अवलम्बन गर्दै भ्रष्टाचार गर्ने र गराउने दुबैलाई कानुनको दायरामा ल्याइनेछ।

३५. बजेट तथा कार्यक्रम कार्यान्वयनलाई नतिजामा आधारित बनाउन भौतिक तथा वित्तिय प्रगति प्रतिवेदनका आधारमा निकासा तथा भुक्तानी दिने व्यवस्था मिलाइनेछ। साथै स्पष्ट कार्ययोजना सहित (Action Plan) आगामी बजेट तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ।

३६. केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाविच तादाम्यता कायम गरी नगरको सर्वाङ्गीन विकास र समृद्धिको स्पष्ट दृष्टीकोण सहितको आवधिक योजना तथा गुरुयोजना निर्माण गरिनेछ।

३७. सरकारी खर्च व्यवस्थापनलाई प्रणालीगत रूपमा नतिजा उन्मुख बनाइनेछ। स्पष्ट नतिजा प्राप्तिको सुनिश्चता नभएका र प्रयाप्त तयारी भइनसकेका कार्यक्रम तथा आयोजनामा बजेट विनियोजन गरिने छैन। वित्तिय अनुशासनमा कडाई गरी सरकारी कोषको दोहन गर्ने प्रवृतिमा अंकुश लगाइने छ।

३८. सार्वजनिक खरिद प्रक्रियालाई समय सापेक्ष, प्रतिस्पर्धी, पारदर्शी, मितव्ययी बनाउन गुरु योजना निर्माण गरिनेछ।

३९. करका क्षेत्रहरू पहिचान गरी दायरा फराकिलो बनाई कानुनको अधिनमा रही उपयुक्त दर निर्धारण गरिनेछ। छरितो कर प्रशासनिक संरचना मार्फत कर तथा गैरकर असुली तथा संकलन कार्य प्रभावकारी बनाईनेछ। घर बहाल कर, व्यवसाय कर तथा बहाल विटौरी कर कार्यवधिबमोजिम बृहत अभियानका रूपमा संकलन गरिनेछ।

४०. नगरबासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूति गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील कर प्रणालीको अवलम्बन गरिनेछ। आगामी आर्थिक वर्षमा राजश्व संभाव्यता अध्ययन गरी राजश्व परिचालनका थप स्रोतहरूको पहिचान गरिनेछ। राजश्व प्रशासनलाई छिटो, छरितो, करदातामैत्री र सूचना प्रविधिमा आधारित बनाइने छ। आर्थिक वर्षको पहिलो छ महिनाभित्रमा तोकिएको कर भुक्तानी गर्ने करदातालाई लाग्ने करमा १०५ छुटको व्यवस्था मिलाइनेछ। सबैभन्दा धेरै कर तिर्ने करदातालाई उत्कृष्ठ करदाताको रूपमा सम्मान तथा पुरस्कृत गरिनेछ।

४१. व्यवसायी तथा करदाताहरूलाई करको दायरामा ल्याउन प्रत्येक वडामा अभिमुखीकरण कार्यक्रम तथा दर्ता शिविर संचालन गरिनेछ। “हामीले तिर्ने करः हाम्रै समृद्धिका लागि” भन्ने मूल मन्त्रका साथ कर शिक्षा अभियान संचालन गरि “कर कहरले होइन, रहरले तिरौँ”अवधारणाका साथ कर संकलनमा व्यापकता ल्याइनेछ। साथै राजश्व सुधार योजना निर्माण गरी तदारुक्ताका साथ कार्यान्वयनमा ल्याइनेछ।

४२. जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकूलनका कार्यक्रम संचालन गरिनेछ। जैविक विविधताको संरक्षण गरिनेछ। वातावरण संरक्षण र व्यवस्थापन, भू-क्षय नियन्त्रण, नदी, मुहान तथा किनारा संरक्षण र राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको कार्यान्वयलाई प्रभावकारी बनाइनेछ। भौगोलिक विकटता र खानेपानी मुहान नभएका क्षेत्रमा वर्षातको पानी संकलन गर्ने व्यवस्था मिलाइनेछ।

४३. स्वच्छ पानीका स्रोतका रूपमा रहेका खानेपानी मुहानहरूलाई कानुनबमोजिम दर्ता गरी संरक्षण गरिनेछ। नगर भित्र "एक घरः एक धारा" कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। प्रत्येक वडामा खानेपानी शुद्धिकरणको कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

४४. "विकास र विस्तार विद्युतको जालोः गुर्भाकोट नगर गाउँ गाउँ उज्यालो" भन्ने नाराका साथ सामुदायिक ग्रामिण विद्युतिकरण विभागसँगको समन्वय, सहकार्य र साझेदारीमा विद्युतको पहुँच नभएका वडा तथा गाउँ बस्तीहरूमा विद्युत सेवा विस्तार गरिनेछ। साथै सम्भाव्य स्थलहरूमा सौर्य उर्जा, वायु उर्जा एवं अन्य नवीकरणीय वैकल्पिक उर्जालाई प्रोत्साहन गरिनेछ।

४५. गुर्भाकोट नगरको समग्र विकास र समृद्धिको लागि विकास साझेदारहरूको सहयोगलाई व्यवस्थित र प्रभावकारी बनाउन Joint Plan And Programme Guidelines निर्माण गरी कार्यान्वयन गरिनेछ। गैर सरकारी संस्थाहरूले संचालन गर्ने सबै कार्यक्रमहरू नगरपालिकाको वार्षिक योजना किताबमा अनिवार्य रूपमा समावेश गरी नगरपालिकाको पूर्व स्वीकृति लिई नगरपालिकाले तोकेको वर्ग र क्षेत्रमा कार्यक्रम संचालन गर्ने प्रणालीको विकास गरिनेछ। गैरसरकारी संस्थाहरूलाई नगरपालिकाको विकास प्रक्रियामा सहयोगीको रूपमा योगदान गर्न सक्ने वातावरण निर्माण गरी उनीहरूबाट पारदर्शी र उत्तरदायी सेवा प्रवाह गराउन आवश्यक सहयोग पुऱ्याइनेछ।

४६. खेलकुदको विकास र विस्तारको लागि नगरपालिका, गैरसरकारी संस्था तथा निजी क्षेत्रको सहकार्य र समन्वयमा खेलकुदका पूर्वाधारहरू निर्माण तथा स्तरोन्नती गरिनेछ। नगर स्तरीय मेयर कप र नयाँ वर्ष कपलाई थप व्यवस्थित र मर्यादित बनाइनेछ।

४७. न्यायिक समितिको कामलाई वस्तुपरक बनाउन संरचनागत विकास गरिनेछ। विवाद समाधानमा वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडी बढाइने छ। स्थानीय न्याय सम्पादन प्रक्रियालाई छिटो, छरितो र थप व्यवस्थित गरिनेछ।

४८. सूचना प्रविधिमा सबै नगरबासीको पहुँच सुनिश्चित गरिनेछ। नगरभित्रका विभिन्न संघ-संस्थाहरू र कार्यालय बिचको नेटवर्क सञ्जाललाई आफ्नै सर्भर सहित व्यवस्थित र प्रभावकारी बनाइने छ। सार्वजनिक, व्यवसायिक क्षेत्र, सार्वजनिक एवं निजी सेवा, अभिलेख, तथ्याङ्क, योजना, कार्यक्रम, जिन्सी, राजश्व तथा वित्तिय कारोबारलाई विद्युतिय सूचना प्रविधिमा आधारित बनाइनेछ।

४९. जनताको सु-सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, सामाजिक परीक्षण, आफ्नै एफ.एम. सहितको रेडियो कार्यक्रम तथा "जनतासंग प्रमुख रउपप्रमुख", "उपप्रमुख उद्यमशीलता कार्यक्रम" र "हाम्रा मेयरः विकासका गेयर" लगायतका कार्यक्रमहरू संचालन गरी चौमासिक प्रतिवेदन सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ।

५०. नगरपालिकाको डिजिटल पाश्वचित्र तयार गरिनेछ। साथै नगरभित्रका सडकहरूको डिजिटल प्रविधिबाट अभिलेखिकरण गर्ने कामको शुरुवात समेत गरिनेछ।

***सभाका सदस्य ज्यूहरू,***

५१. स्वच्छ, सफा, सुन्दर, हराभरा र व्यवस्थित गुर्भाकोट नगर निर्माणका लागि "ग्रिन गुर्भाकोटः क्लिन गुर्भाकोट" भन्ने नाराका साथ सरसफाई तथा फोहोर व्यवस्थापन कार्यक्रमलाई अभियानका रूपमा संचालन गरी फोहरको स्रोतमा वर्गीकरण गरी गल्ने र नगल्ने छुट्याई फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनका लागि जनसहभागिता वृद्धि गरी सार्वजनिक, निजी, साझेदारी अवधारणा अनुसार "फोहोरबाट मोहर" कार्यक्रम तयार गरी लागू गरिनेछ।

५२. नगरको विकासलाई समुदायमा आधारित तथा समुदाय नियन्त्रित बनाउँदै अपनत्वको अभिवृद्धि गर्न स्थानीय स्रोत साधन र सीपको अधिकतम् उपयोग गरी समग्र विकासमा योगदान पुऱ्याउनका लागि टोल विकास संस्थाहरू गठन गरिनेछ। नगरपालिका भित्रका नदी तथा खोलाहरूबाट हुने नदीजन्य पैदावारलाई दोहन गर्ने प्रवृतिमा न्यूनिकरण तथ्य परक रुपमा थप व्यवस्थित गरिनेछ।

५३. समाजमा विद्यमान छाडा संस्कृति निरुसाहित गर्दै मौलिक हितकारी साँस्कृतिक मूल्यमान्यताको विकासको लागि विविध कार्यक्रमहरू संचालन गरिनेछ। कला, सहित्य र सँस्कृतिको संरक्षण गर्दै नगरपालिकाभित्र लुकेर रहेका प्रतिभा पहिचानका लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धाहरू संचालन गरिनेछ। साथै परम्परागत पेशा तथा व्यवसायलाई आधुनिकीकरण र व्यवसायिकरण गर्ने नीति लिइनेछ।

५४. दलित, आदिबासी जनजाती लगायत सिमान्तकृत तथा लोपोन्मुख जातिका भाषा, धर्म, संस्कृति र कलाको संरक्षण र सम्वर्द्धनका लागि स्पष्ट नीतिको तर्जुमा गरी स्थानीय कला, संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने कार्यक्रम तयार गरिनेछ।

५५. होमस्टे तथा पर्यटकीय गन्तव्य स्थलका रूपमा निर्माण तथा विकास गर्नको लागि आवश्यक पूर्वाधार निर्माण गर्दै अन्य तालिम, अध्ययन, अनुसन्धान एवं अवलोकन लगायतका प्रवर्द्धनात्मक क्रियाकलापहरू संचालन गरिनेछ।

५६. खटाङ्ग, लेख मालारानी गुफा, खैरेनी, गुर्भाकोट, दुरवीन डाँडा, चमेरे गुफा, चमेरे वडार, सुकिदह, जुरिचुला लेख, राम्रीकाँडा दह, शुभाघाट देउतीबज्यै मन्दिर, भोटेचुली, शिवमन्दिर मेहेलकुना, बोटेचौर दुर्गा मन्दिर र शिव मन्दिर प्रजातान्त्रिक सेनानीहरूको सम्झना र सम्मानमा निर्माण गरिएको फलाटे स्मारक स्तम्भ लगायतका पर्यटकीय स्थलहरूको प्रचार-प्रसारसहित थप व्यवस्थापनमा जोड दिइनेछ। संघ, प्रदेश र निजी क्षेत्र र अन्य सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको सहकार्य र साझेदारीमा विशेष गरी लेखमालारानी गुफा, भोटेचुली, र फलाटे स्मारक स्तम्भको विस्तृत योजना प्रतिवेदन (DPR) तयार गरी सुन्दर पर्यटकीय क्षेत्रको रूपमा विकास गरिने छ।

५७. गुर्भाकोट नगरभित्र रहेको सिटि (सभाहल) क्षेत्रलाई सुन्दर पार्क तथा रिसोर्टको रुपमा विकास गर्दै यसको संरक्षण र संवर्द्धनका लागि संघ, प्रदेश र अन्य साझेदार संघ-संस्थाहरूको सहयोग तथा सहकार्यमा

तत्काल तटूबन्धको कार्य थालनी गरिनेछ। रैकरदेखि चिप्लेसम्म ज्याफ्टिङ, काइक र जुरीचुला र भोटेचुलीबाट प्याराग्लाइडिङ्ग सम्भाव्यता अध्ययन गरी उत्कृष्ठ पर्यटकीय गन्तव्य स्थलका रुपमा विकास गरिनेछ।

५८. सडकको पहुँच नपुगेको वडा नं. ३ धारापानी यसै आर्थिक वर्षभित्र सडक सञ्जालमा जोडिनेछ। अन्य क्षेत्रमा नयाँ सडक निर्माण कार्य प्राथमिकतामा नराखी पुराना सडकहरूको स्तरोन्नती गरिनेछ। साथै नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ मा संचालित गौरवका योजनाहरूलाई निरन्तरता दिँदै यसै आर्थिक वर्षदेखि सडक कालोपत्रे शुरु समेत गरिनेछ। मेहेलकुना-लेखबडाखोली सडकलाई चन्द्रमार्ग नामाकरण गरी स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ।

५९. भवन निर्माण मापदण्ड कार्यविधि तयार गरी कडाइका साथ कार्यान्वयनमा ल्याइने छ। नगरपालिकाभित्रका पराल र खरको छाना घर भएका २०० घरधुरिलाई जस्तापाताको छानोमुनी ल्याउन कार्यविधि निर्माण गरी जस्तापातामा लाग्ने रकमको ३०५ अनुदान दिइनेछ।

६०. व्यसायिक तथा सीपमूलक तालिम कार्यक्रमहरूलाई छरपष्ट नबनाई एकिकृत गरी प्याकेजका रूपमा संचालन गरिनेछ। साथै नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण अनुदानलाई लागत साझेदारीका आधारमा र नगरक्षेत्रभित्र रहेका बैंक तथा वित्तिय संस्थाहरूसँग समन्वय र सहकार्य गरी सहुलियतपूर्ण व्याजदरमा ऋण लगानी गरी नगरबासीलाई व्यवसायिक बनाउने नीति अवलम्बन गरिनेछ।

***सभाका सदस्यज्यूहरू तथा आदरणीय महानुभावहरू,***

प्रस्तुत नीति तथा कार्यक्रम गुर्भाकोट नगरलाई समृद्ध बनाउने मार्ग दर्शक दस्ताबेज हो। नगरलाई समृद्ध बनाउन सबै नगरबासीको आ-आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ। नगरको विकास हामी सबैको साझा दायित्व हो। त्यसैले विकास निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउन र रचनात्मक सल्लाह र सुझाव दिन हामी सम्पूर्ण नगरबासीलाई हार्दिक आग्रह गर्दछौँ। विकास निर्माणका काममा हामीहरू सबैको एउटै दृष्टीकोण हुनुपर्छ

भन्नेमा हामीहरू दृढ छौं । तसर्थ प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ। यसको सफल कार्यान्वनका  लागि सम्पूर्ण सरकारी निकायहरू, विभिन्न राजनीतिक दलहरू, संघ संगठनहरू, सरकारी तथा गैरसरकारी संघ संस्थाहरू, निजी तथा सहकारी क्षेत्र लगायत आम गुर्भाकोट नगरबासी सबैको सद्भाव, सहभागिता र सहयोग हुने अपेक्षा राख्दै यस नीति तथा कार्यक्रम निर्माणको क्रममा अमूल्य सल्लाह र सुझावसहित प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक कृतज्ञता एवं आभार प्रकट गर्दै सम्मानित नगरसभाबाट रचनात्मक सुझावसहित नीति तथा कार्यक्रम पारित हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

धन्यवाद !

हस्त पुन
नगर प्रमुख